


राष्ट्रिय दैनिक

# पोखरापत्र

Pokharapatra National Daily

विवाहलगायत अन्य भोजभतेरमा फजुल खर्च नगरौं,
सभ्य र जिम्मेवार नागरिकको परिचय दिऔं ।

नेपाल सरकार
विज्ञापन बोर्ड

❑ वर्ष २३ ❑ अङ्क १८ ❑ श्रेणी क्षेत्रीय 'क' ❑ २०७८ माघ १८ गते मंगलबार ❑ 1 Feb. 2022 ❑ पृष्ठ ४ ❑ मूल्य रू. ५ ।-

## विकासको बाटो खोज्दै गण्डकीका मुख्यमन्त्री काठमाडौंमा

**पोखरापत्र संवाददाता**
**पोखरा, १७ माघ**

गण्डकी प्रदेशको 'लाइफलाइन' मानिएको त्रिवेणी कोरला सडकको त्रिवेणी दुम्कीवास खण्डको कामअगाडि बढ्ने भएको छ।

दुम्कीवास त्रिवेणी २९ किलोमिटरमध्ये ८ किलोमिटर खण्ड चितवन राष्ट्रिय निकुन्जको केही भाग र मध्यवर्ती क्षेत्र पर्ने भएकाले काम अगाडि बढ्न सकेको थिएन । चितवन राष्ट्रिय निकुन्ज विश्व सम्पदा सूचीमा सूचीकृत भएकाले त्यहाँ विकासको कामका लागि युनेस्कोको स्वीकृत लिनुपर्ने हुन्छ। सोमबार गण्डकी प्रदेशका मुख्यमन्त्री कृष्णचन्द्र नेपाली पोखरेल र संघीय सरकारका वन तथा वातावरण मन्त्री रामसहाय यादवबीच भएको भेटवार्तापछि उक्त सडकको काम अगाडि बढाउने निधो भएको हो । लामो समयदेखि अड्किएको फाइल सोमबार नै वन तथा वातावरण सचिव पेमनारायण कँडेलले सदर गरेका छन् । मुख्यमन्त्री पोखरेलले दुम्किबासदेखि त्रिवेणी जोड्न बाटोको सपना अब साकार हुने अवस्थामा पुगेको भन्दै खुसी व्यक्त गरे । 'दुम्किबासबाट त्रिवेणीका लागि हिजोको सरकारले पैसा छुट्यायो काम गर्न सकेन, किन सकेन भने निकुञ्जका कारणले सकेन, पैसा त जतिबेला पनि हामीसँग हुन्छ त्यसको लागि तर प्रक्रिया सुरु भएको छ, अब वातावरणीय प्रभाव अध्ययनको काम सुरु हुन्छ ।' सुरुङ मार्ग वा फ्लाइ



ओभर के बनाउने अध्ययनपछि टुंगो लाग्ने उनको भनाइ थियो। ८ किलोमिटर निकुञ्ज क्षेत्रमा सुरुङ मार्ग निर्माणका बारेमा समेत छलफल चलेको उनले बताए। यो खर्चिलो भएको भए पनि क्रमागत रुपमा गर्न सकिने उनको भनाइ छ । यो बाटोको महत्वका बारेमा मुख्यमन्त्री पोखरेलले सोमबार वन मन्त्रालयमै पुगेर मन्त्रीलाई अवगत गराएका थिए। त्यसलगत्तै सचिव कँडेलले फाइल सदर गरेका हुन् । मन्त्री यादवले भने, 'हामी मुलुकको विकासका लागि अगाडि बढेका छौं, सानातिना समस्यामा अल्झेर हुँदैन, विकासका लागि निकास खोज्न हामी चुक्नु हुँदैन ।'

अब राष्ट्रिय निकुन्ज तथा वन्यजन्तु विभागले कामको सहमतिका लागि युनेस्कोमा लेखी, सडक विभागले वातावरणीय प्रभाव मूल्यांकन गर्ने र वन्यजन्तुमैत्री पूर्वाधार मापदण्ड अनुसार काम गर्ने गरी फाइल सदर गरिएको सचिव पेमनारायण कँडेलले जानकारी दिए। ३ महिनाभित्रमा युनेस्कोबाट सहमति आउने भएकाले त्यसै अनुसार सडक विभागमार्फत् काम अगाडि बढाउनका लागि पहल गर्न उनले मुख्यमन्त्रीसहितको टोलीसँग आग्रह गरे । सोमबार नै मुख्यमन्त्रीसहितको टोलीसँग कृषि तथा पशुपन्छी विकास मन्त्री महिन्द्र राय यादवको भेटवार्ता भएको छ । तनहुँको दमौलीमा निर्माण हुन लागेको गोवर्द्धन शर्मा आँखा उपचार तथा अनुसन्धान केन्द्रका लागि जग्गा व्यवस्थानका बारेमा उक्त अवसरमा मुख्यमन्त्री पोखरेलले जानकारी गराएका थिए । मन्त्री यादवले अहिले जग्गा प्राप्तिका लागि झन्झटिलो प्रक्रिया भए पनि अस्पतालको संवेदनशीलता हेरेर व्यवस्थापन गर्ने आश्वासन दिए । उनले लिज प्रक्रियाबाट भए पनि जग्गा व्यवस्थापन गर्ने र मंगलबार नै यसको प्रक्रिया अगाडि बढाउन सचिवालयलाई निर्देशन दिए । मुख्यमन्त्री पोखरेलले सोमबारै भूमि व्यवस्था, सहकारी तथा गरिवी निवारण मन्त्री शशि श्रेष्ठसँग पनि भेट गरेका छन् । प्रदेश गौरवका आयोजनाका लागि जग्गा प्राप्ति प्रक्रिया निकै झन्झटिलो भएका कारण निकासका लागि उनले मन्त्री श्रेष्ठसँग आग्रह गरे । यसका अतिरिक्त सबै जिल्लाहरुमा भूमि आयोग गठनका लागि समेत मुख्यमन्त्रीले ध्यानाकर्षण गराएका छन् । मन्त्री श्रेष्ठले विगतमा दिनमा जेजस्तो भए पनि अब ती सबै गाँठोहरु फुकाएर अगाडि बढ्ने बताइन् । उनले भनिन्, 'राष्ट्रहीत र जनहीतमा ल्याइएका विषयलाई रोक्ने कुरै हुँदैन, विषयवस्तुको गम्भीरतालाई हेरेर प्रक्रिया अगाडि बढाउन लगाउँछु ।' ३ तहकै सकारले जग्गाको स्वामित्व खोज्नु व्यावहारिक नहुने भन्दै जग्गाको स्वामित्व केन्द्र भागमा राखेर भोगाधिकार दिन सकिने उनले भनाइ राखिन् ।

मुख्यमन्त्री पोखरेलले सोमबारै नेपाली कांग्रेसका नेता रामचन्द्र पौडेल, उपसभापति पूर्णबहादुर खड्का, पूर्व महामन्त्री डा. शशांक कोइरालासँग भेटेका छन्। उहाँहरुसँग प्रदेशको समग्र विकास र समसामयिक राजनीतिक विषयमा कुराकानी भएको मुख्यमन्त्रीका प्रेस संयोजक भरत कोइरालाले बताए। मुख्यमन्त्रीका साथमा राजनीतिक सल्लाहकार खड्गबहादुर कमाल, नीति तथा योजना आयोगका उपाध्यक्ष डा. रघुराज काफ्ले थिए । बजेटको अभावका कारण आयोजना अलपत्र पर्ने अवस्था आएका कारण मुख्यमन्त्रीसहितको टोलीले आइतबार प्रधानमन्त्री शेरबहादुर देउवा, माओवादी केन्द्रका अध्यक्ष एवं पूर्व प्रधानमन्त्री पुष्पकमल दाहाल प्रचन्डको ध्यानाकर्षण गराएको छ।

## गण्डकीमा निःशुल्क आधारभूत र आकस्मिक स्वास्थ्य सेवाको पहुँच वृद्धि गरिने

**पोखरापत्र संवाददाता**
**पोखरा, १७ माघ**

गण्डकी प्रदेश सरकारले स्वास्थ्य सेवामा देखिएको चुनौती र समस्यालाई मध्यनजर गरी सम्पूर्ण नागरिकको स्वास्थ्य सेवामा सहज पहुँच, उपयोग र गुणस्तर कायम गर्ने भएको छ।

पहिलोपटक स्वास्थ्य नीति बनाएको सरकारले हरेक स्वास्थ्य संस्थामा स्वास्थ्यकर्मी पुऱ्याउने उद्देश्यका साथ 'एक चिकित्सक/स्वास्थ्यकर्मी, एक संस्था' नीति अबलम्वन गरिने जनाएको छ । स्वास्थ्य तथा जनसङ्ख्यमन्त्री मधुमाया अधिकारीले आधारभूत स्वास्थ्य सेवालाई नागरिकको मौलिक हकका रुपमा स्थापित गरिसकेको सन्दर्भमा प्रदेशका जनताको स्वास्थ्यसम्बन्धी मौलिक हकलाई सुनिश्चित गर्दै कार्यान्वयन गर्ने दायित्व प्रदेश सरकारको रहेको बताउनुभयो ।

उहाँका अनुसार सङ्घीयताको मर्मबमोजिम सङ्घ र स्थानीय सरकारसँग सहकार्य गर्दै समतामूलक गुणस्तरीय स्वास्थ्य सेवा प्रवाहमा पहुँच सुनिश्चित गरिनेछ । मन्त्री अधिकारीले निःशुल्क आधारभूत स्वास्थ्य सेवा र आकस्मिक स्वास्थ्य सेवाको पहुँच वृद्धि गरिने बताउनुभयो । उहाँले भन्नुभयो, "आधारभूत स्वास्थ्य सेवा स्वास्थ्य संस्थाबाट निःशुल्क उपलब्ध गराइने छ । यसका साथै आवश्यकताका आधारमा आधारभूत स्वास्थ्य सेवाको थप गर्दै समन्वय र सहकार्यमा लगिनेछ ।"

स्वास्थ्य संस्था नभएका गण्डकी प्रदेशका सबै जिल्लाका वडामा आधार भूत स्वास्थ्य सेवाका लागि स्वास्थ्य संस्था स्थापना गरिने मन्त्रालयले जनाएको छ । यसैगरी सबै स्वास्थ्य संस्थाबाट आकस्मिक स्वास्थ्य सेवा प्रदान गर्ने र सोको प्रभावकारी व्यवस्थापनका लागि आवश्यक स्रोतको व्यवस्थापनको नीति लिएको छ। सरकारले खोप र पोषण सेवालाई थप प्रभावकारी बनाउने नीति लिएको छ । प्रजनन स्वास्थ्य, बालस्वास्थ्य र किशोरावस्थाको स्वास्थ्यमा सुधारका लागि स्थानीयतहसँगको सहकार्यमा आवश्यकताका आधारमा मातृ प्रतीक्षागृह र बर्थिङ सेन्टरको विस्तार गरिने मन्त्री अधिकारीले जानकारी दिनुभयो ।

दुर्गम र अतिदुर्गम क्षेत्रका गर्भवती, सुत्केरी र नवजात शिशुको स्वास्थ्यमा जटिलता देखिएमा तत्काल हवाई उद्धारमार्फत सुविधासम्पन्न अस्पतालमा पुऱ्याई सेवा प्रदान गर्ने र निःशुल्क सुरक्षित मातृत्व तथा प्रजनन स्वास्थ्य सेवाको पहुँच वृद्धि गर्ने योजना सरकारको छ । यसैगरी अस्पताल र समुदायमा मातृ तथा नवजात शिशुको मृत्युको कारण पत्ता लगाउने कार्यलाई प्रणालीका रुपमा विकास गर्ने, नवजात शिशु र बालरोगको एकीकृत व्यवस्थापन, प्रजनन स्वास्थ्य, खोप सेवा र पोषण कार्यक्रमलाई थप प्रभावकारी बनाइने स्वास्थ्य नीतिमा उल्लेख छ।

सबै स्वास्थ्य संस्थामा अस्थायी परिवार नियोजनका साधनको नियमित उपलब्धता, प्रदेशस्तरका अस्पतालमा नियमित स्थायी बन्ध्याकरण सेवा सञ्चालन र आवश्यकताअनुसार समुदायमा परिवार नियोजन शिविर र स्याटेलाइट क्लिनिक सञ्चालन गरिने स्वास्थ्य नीतिमा उल्लेख छ । विद्यालय स्वास्थ्य शिक्षा कार्यक्रम सञ्चालन गरी शारीरिक अभ्यास, स्वास्थ्य परीक्षण, किशोरीका लागि आइरन चक्की र सेनेटरी प्याड वितरण, शुद्ध खानेपानी र शौचालयको प्रवर्द्धनमा सहयोग र प्रदेशका पालिकाहरुमा ग्रामीण अल्ट्रासाउण्ड कार्यक्रम विस्तार गरिने स्वास्थ्य नीतिमा उल्लेख छ।

## संक्रमितभन्दा संक्रमणमुक्त हुने बढी

**पोखरापत्र संवाददाता**
**पोखरा, १७ माघ**

पछिल्लो २४ घण्टामा कोरोना भाइरसको सङ्क्रमित हुनुभन्दा सङ्क्रमणमुक्त हुनेको सङ्ख्या बढी रहेको पाइएको छ । स्वास्थ्य तथा जनसङ्ख्या मन्त्रालयले गरेको आज सार्वजनिक गरेको बुलेटिनमा सङ्क्रमितभन्दा सङ्क्रमणमुक्त हुने सङ्ख्या दुई हजार ८९९ ले बढी रहेको छ। आज १६ हजार ८८ परीक्षण गर्दा सङ्क्रमित सङ्ख्या पाँच हजार २९२ रहेको छ। यस्तै सङ्क्रमणमुक्त हुने सङ्ख्या आठ हजार १९१ पुगेको छ । यो दर ९०.५

**बाँकी अन्तिम पृष्ठमा ▶▶**

## आवधिक र अन्य निर्वाचनका लागि आयोग तयार रहोस् : राष्ट्रपति भण्डारी

**रासस**
**काठमाडौं, १७ माघ**

राष्ट्रपति विद्यादेवी भण्डारीले निर्वाचनको माध्यमद्वारा लोकतन्त्रलाई संस्थागत एवम् सुदृढीकरण गर्न निर्वाचनमा बढीभन्दा बढी मतदाताहरूको सहभागिता गर्ने/गराउनेतर्फ कार्य गर्न निर्वाचन आयोगलाई सुझाव दिनुभएको छ।

आयोगद्वारा प्रस्तुत आर्थिक वर्ष २०७७/७८ को वार्षिक प्रतिवेदन पेस ग्रहण गर्दै उहाँले निर्वाचन प्रणालीलाई लैङ्गिक मैत्री बनाउन र सबै मतदाताको मताधिकार सुनिश्चित गर्न तथा मतदानस्थल एवं केन्द्र मतदाता मैत्री बनाउन आयोगको ध्यानाकर्षण गराउनुभयो।

आयोगले राष्ट्रपति, उपराष्ट्रपति, राष्ट्रियसभा सदस्य, प्रतिनिधिसभा सदस्य, प्रदेशसभा सदस्य र स्थानीय तहका सदस्यसमेतको निर्वाचन गराउने महत्वपूर्ण जिम्मेवारी र अवसर पनि रहेको उल्लेख गर्दै राष्ट्रपति भण्डारीले शान्ति, स्थिरता र विकासका लागि संविधान तथा प्रचलित कानुनमा तोकिएको समयसीमाभित्र नै सबै निर्वाचन सम्पन्न गर्न जरुरी रहेको बताउनुभयो । आवधिक तथा अन्य निर्वाचनका लागि आयोग मनोवैज्ञानिक तथा भौतिक रूपमा तयारी अवस्थामा रहनुपर्नेमा जोड उहाँले आयोगको निर्वाचन व्यवस्थापनसम्बन्धी सबै पक्ष सकारात्मक रहेको उल्लेख गर्नुभएको थियो।

राष्ट्रपति भण्डारीले स्वतन्त्र, निष्पक्ष, विश्वसनीय, मितव्ययी र भयरहित निर्वाचनका लागि गम्भीरता र दृढतापूर्वक कार्य गर्न आयोग सक्षम हुने विश्वास व्यक्त गर्नुभएको निर्वाचन आयोगद्वारा जारी विज्ञप्तिमा उल्लेख छ।

नेपालको संविधानको धारा, २९४ बमोजिम निर्वाचन आयोग, नेपालले विसं २०७७ साउन १ गतेदेखि २०७८ साल असार मसान्तसम्म सम्पादन गरेका काम कारबाहीको पन्ध्रौं वार्षिक प्रतिवेदन राष्ट्रपति भण्डारीसमक्ष पेस गरेको हो। यसअघि प्रतिवेदन पेस गर्दै प्रमुख आयुक्त दिनेशकुमार थपलियाले प्रतिवेदन वर्षमा भए गरेका निर्वाचनसम्बन्धी नीति एवम् कानुनहरूको तर्जुमा, राजनीतिक दल दर्ता र सोको व्यवस्थापन, मतदाता नामावली सङ्कलन तथा अद्यावधिकको अवस्था, मतदाताको सङ्ख्यात्मक विवरण, राष्ट्रियसभा सदस्यको उपनिर्वाचन लगायतका विषयमा जानकारी गराउनुभयो । उक्त अवसरमा संवैधानिकव्यवस्थाअनुसारआसन्न स्थानीय तह लगायतका निर्वाचन सञ्चालन एवम् व्यवस्थापनलाई लक्षित गरी आयोगबाट सम्पादन भएका मतदाता नामावली दर्ता, मतदानस्थल तथा मतदान केन्द्रको पुनरावलोकनलगायत विषयमा समेत प्रमुख थपलियाले जानकारी गराउनुभएको आयोगले जनाएको छ। आयोगका तर्फबाट पेस भएको वार्षिक प्रतिवेदनमा आयोगबाट सम्पादित गरेका काम कारबाहीको सारांश, निर्वाचन आयोगसम्बन्धी व्यवस्था, निर्वाचनसम्बन्धी नीतिगत तथा कानुनी व्यवस्था, बैठक व्यवस्थापन, आयोगको साङ्गठनिक एवम् प्रशासकीय कार्य व्यवस्थापनसम्बन्धी विषय समेटिएको छ।


प्रतिवेदनमा योजना, अनुगमन, समावेशीकरण तथा वैदेशिक सम्बन्धका मतदाता नामावली तथा निर्वाचन सञ्चालन, निर्वाचन शिक्षा तथा तालिम, सूचना प्रविधि तथा प्रणाली व्यवस्थापन, कानुन तथा राजनीतिक दल तथा बजेट कार्यान्वयन लगायतका विषयहरू समावेश गरिएको छ।

## माघ २१ गतेभित्र खोपको विवरण पठाउन निर्देशन

**रासस**
**काठमाडौं, १७ माघ**

स्वास्थ्य तथा जनसङ्ख्या मन्त्रालयको कोरोना भाइरसविरुद्धको खोपको विवरण पठाउन आफू मातहतको निकायलाई निर्देशन दिएको छ।

कोभिड-१९ विरुद्धको खोप अभिलेख सम्बन्धमा गठित छानबिन समितिको आज बसेको बैठकले स्वास्थ्य सेवा विभागको व्यवस्थापन महाशाखा, सातवटै प्रदेशको स्वास्थ्य आपूर्ति व्यवस्थापन केन्द्र, ७७ वटै जिल्ला स्वास्थ्य कार्यालय, ७५३ वटै स्थानीय तहलाई खोपको मौज्दात र खोप लगाएका व्यक्तिको विवरण पठाउन निर्देशन दिएको समितिका संयोजक डा गुणराज लोहनीले जानकारी दिनुभयो । समितिले यही माघ २१ गते दिउँसो ४ बजेभित्र सबै खोपको विवरण उपलब्ध गराउन निर्देशन दिएको हो । मन्त्रालयले खोपको यकिन तथ्याङ्क नभेटिएपछि आइतबार मन्त्रालयका प्रमुख विशेषज्ञ डा लोहनीको संयोजकत्वमा पाँच सदस्यीय छानबिन समिति गठन गरेको थियो।



## संक्रमित...

प्रतिशत हो । मन्त्रालयका अनुसार सक्रिय सङ्क्रमितको सङ्ख्या ७९ हजार २७२ पुगेको छ ।

आठको निधन

विगत २४ घण्टामा सोमबार आठजनाको सङ्क्रमणको कारणले निधन भएको छ । अहिलेसम्म ११ हजार ७४३ जनाको सङ्क्रमणका कारणले निधन भएको छ । यस्तै ५०० भन्दा बढी सङ्क्रमण भएको जिल्ला १८ पुगेको छ । मन्त्रालयका अनुसार मोरङ, सुनसरी, झापा, धनुषा, सप्तरी, सिराहा, काठमाडौँ, ललितपुर, भक्तपुर, चितवन, मकवानपुर, काभ्रे, कास्की, नवलपरासी पूर्व, बाँके, रुपन्देही, दाङ र कैलाली रहेका छन् । यस्तै २०० भन्दा बढी सङ्क्रमित भएका १८ जिल्ला रहेका छन् । ती जिल्लामा पर्सा, बारा, महोत्तरी, सर्लाही, धादिङ, सिन्धुपाञ्चोक, सिन्धुली, नुवाकोट, गोरखा, स्याङ्जा, बागलुङ, तनहुँ, पाल्पा, गुल्मी, बर्दिया, नवलपरासी पश्चिम, सुर्खेत र कञ्चनपुर रहेका छन् ।

नेपालमा सङ्क्रमण दर १८.२ प्रतिशत रहेको छ । हाल होम आइसोलेसनमा ७७ हजार ६६५, संस्थागत आइसोलेसनमा एक हजार ६०७, आइसियुमा २८८ र भेन्टिलेटरमा ५० जनाको उपचार हुँदैछ ।

तीन लाख बढीले लगाए खोप

विगत २४ घण्टामा आज तीन लाख ६६ हजार ६०३ जनाले खोप लगाएका छन् । यस्तै अहिलेसम्म कोरोना भाइरसविरुद्धको बुस्टर डोज तीन लाख ६९ हजार २२६ मात्रा लगाइएको छ ।

# ८८ प्रतिशतलाई खोप, दुई हजारलाई 'बुस्टर' मात्रा

**पोखरापत्र संवाददाता**
**बागलुङ, १७ माघ**

जिल्लाका १८ वर्षमाथिका ८८ प्रतिशत नागरिकले कोभिड-१९ विरुद्ध खोपको पहिलो मात्रा लगाएका छन् । स्वास्थ्य कार्यालयका अनुसार दुवै मात्रा खोप पाउनेको सङ्ख्या भने ७८ प्रतिशत छ ।

पहिलो मात्रा खोप लगाउने एक लाख ४४ हजार ९७० छन् भने दुवै मात्रा लगाउनेको सङ्ख्या एक लाख २८ हजार ५५९ छ । कार्यालय प्रमुख सुरज गुरौले १२ देखि १७ वर्ष भित्रका बालबालिका र किशोरकिशोरीलाई पनि खोप दिन सुरु गरिएको बताउनुभयो ।

सो उमेर समूहका २३ हजार दुई सय २८ जनाले मोडर्ना खोप पाइसकेको उहाँको भनाइ छ । कुल २७ हजारलाई लगाउने लक्ष्य लिइएकामा ८४ प्रतिशतले खोप पाइसकेका छन् । यसअघि खोपको दोस्रो मात्रा लगाएको छ महिना पुगिसकेका दुई हजार ३९ जनालाई बुस्टर मात्रा दिइएको प्रमुख गुरौले जानकारी दिनुभयो ।

कोभिसिल्ड र भेरोसेल खोप लगाएकाले त्यसकै थप मात्रा पाएका हुन् । पहिलो चरणमा अग्रभागमा खटिने स्वास्थ्यकर्मी, सुरक्षाकर्मी, कर्मचारी, पत्रकारलगायतलाई बुस्टर मात्रा दिइएको हो । सरकारले ६० वर्षमाथिकालाई पनि बुस्टर मात्रा दिने नीति बनाएको छ । "खोप अभियान जिल्लाका दसै स्थानीय तहमा निरन्तर चलिरहेको छ", प्रमुख गुरौले भन्नुभयो, "१२ वर्ष माथिका सबैले खोप पाउहुनुहन्छ ।" उहाँका अनुसार खोपको अभाव हुने स्थिति अहिले छैन । सानो उमरेका बालबालिकाका लागि भने अहिलेसम्म खोप आइसकेको छैन । सरकारले आउँदो चैतभित्रमा सबै नेपालीलाई खोपको पहुँचमा ल्याउने भनेको छ । सबै उमेर समूहलाई लक्ष्य गरी खोप अभियान सञ्चालन भएमा यहाँका दुई लाख ५० हजार ५४४ जनालाई खोप दिनुपर्छ ।

खोपकै कारण कोरोना महामारीको तेस्रो लहर कम जोखिमपूर्ण देखिएको धवलागिरि अस्पतालका प्रमुख चिकित्सक शैलेन्द्र विक पोखरेलले बताउनुभयो । उहाँका अनुसार यस चरणमा कोभिड-१९ ले थलिएर अस्पताल भर्ना हुनेको सङ्ख्या न्यून छ । "खोपले शरीरको प्रतिरोधी क्षमता बढाएका कारण सङ्क्रमण भइहाले पनि स्वास्थ्य जटिलता निम्तिएको छैन", उहाँले भन्नुभयो, "अस्पताल भर्ना भएकाको अवस्था पनि सामान्य छ, अक्सिजन पनि कम मात्र दिए पुग्ने स्थिति छ ।" अस्पतालको आइसोलेशनकक्षमा अहिले चार जना सङ्क्रमित उपचाररत छन् ।

आईसियूमा भने कुनै पनि बिरामी छैनन् । सङ्क्रमण बढ्दै जाँदा अस्पतालमा बिरामी थपिन सक्ने प्रमुख चिकित्सक पोखरेलको भनाइ छ । पछिल्लो लहरमा अस्पतालकै १८ जना चिकित्सक/स्वास्थ्यकर्मी सङ्क्रमित भइसकेका छन् । प्रत्येक व्यक्ति जिम्मेवार भएर स्वास्थ्य सुरक्षाका मापदण्ड पालना गरेमा सङ्क्रमण रोक्न सकिने उहाँको भनाइ छ । स्वास्थ्य कार्यालयको आँकडाअनुसार हाल जिल्लामा कोरोनाका सक्रिय सङ्क्रमितको सङ्ख्या पाँच सय ८३ छ । धवलागिरि अस्पतालको आइसोलेशनमा रहेका चार जनाबाहेक अरु सबै सङ्क्रमित होम आइसोलेशनमा छन् । पछिल्लो साता सङ्क्रमितको सङ्ख्या ह्वात्तै बढेर पाँच सय नाघेको हो ।

# कर्मचारीलाई बिदा दिँदै सौराहाका होटल

**रासस**
**चितवन, १७ माघ**

कोभिडको तेस्रो लहरसँगै यहाँका होटलमा पर्यटक आउन छाडेपछि व्यवसायीले मजदूर कर्मचारीलाई बिदा दिन थालेका छन् । सरकारले कार्यक्रममा २५ जनाभन्दा बढी उपस्थित नगर्न आदेश गरेपछि होटलहरूमा बुक भएका कार्यक्रम स्थगित भएका छन् ।

सौराहाका होटलमा नयाँ वर्षसँगै गोष्ठी, सेमिनार, विवाहाका कार्यक्रम धेरै बुकिङ् भएका थिए । घुम्न आउने पर्यटकको बुकिङ् पनि राम्रो थियो । क्षेत्रीय होटल सङ्घ चितवनका अध्यक्ष दीपक भट्टराईका अनुसार कोभिडका कारण अधिकांश कार्यक्रम र पर्यटकका बुकिङ् रद्ध भएका छन् । उहाँले भन्नुभयो, "अहिले होटलमा एक/दुईवटा कोठा मात्र बुकिङ् हुने गरेका छन् ।" कतिदिन यसरी धान्ने भनेर होटल सञ्चालकहरूले मजदूर एवं कर्मचारीलाई आलोपालो बिदा दिन थालेको उहाँले बताउनुभयो । आफ्नो होटलमा १६ जना कर्मचारी रहेकामा अहिले तीन जना बाहेकलाई बिदामा पठाएको उहाँले जानकारी दिनुभयो । १५ दिनपछि अरु तीन जना आउने र अहिले रहेकालाई बिदा दिने गरी व्यवस्थापन गरिएको उहाँको भनाइ छ । पाहुँना नहुँदा कर्मचारी र मजदूर पाल्न कठिन भएको व्यवसायीको भनाइ छ । भूकम्प, नाकाबन्दी हुँदै कोभिडसम्म आइपुग्दा सौराहाको पर्यटन व्यवसाय निकै प्रभावित भएको छ । युनिक वाइल्डलाइफ रिसोर्टका सञ्चालक गुणराज थपलिया खोल्नुभन्दा पूरै केही समयका लागि बन्द गर्दा व्यवसायीलाई राहात मिल्ने बताउनुहुन्छ । उहाँले भन्नुभयो, "एउटा दुई वटा कोठा बेचेर कसरी खर्च धान्ने ? न खोलेर पर्यटक आउँछन्, न बन्द गर्न पाइएको छ ?" कर्मचारी मजदूर पाल्न नै समस्या भएको क्षेत्रीय होटल सङ्घ चितवनका महासचिवसमेत रहनुभएका थपलियाको गुनासो छ ।

# राष्ट्रिय महिला भलिबल टोलीलाई पुरस्कार गरिँदै

**रासस**
**काठमाडौं, १७ माघ**

सरकारले राष्ट्रिय महिला भलिबल टोलीलाई सम्मान तथा पुरस्कार प्रदान गर्ने भएको छ । प्रधानमन्त्री शेरबहादुर देउवाले टोलीलाई आगामी शुक्रबार प्रधानमन्त्री निवास बालुवाटारमा आयोजना हुने कार्यक्रममा सम्मान गर्नुहुनेछ ।

बंगबन्धु एशियन सेन्ट्रल जोन महिला भलिबल च्यालेञ्जकपको विजेता महिला भलिबल टोलीका खेलाडी, प्रशिक्षक र व्यवस्थापकलाई सम्मान गर्न लागेको युवा तथा खेलकुद मन्त्रालयले जनाएको छ ।

बङ्गलादेशको राजधानी ढाकामा गत पुस ६ गतेदेखि १६ सम्म सञ्चालन भएको प्रतियोगितामा नेपाली टोली प्रथम भएको थियो । टोलीले राष्ट्रको गौरव बढाएको जनाउँदै सरकारले कदरस्वरुप पुरस्कार र सम्मान प्रदान गर्न लागेको हो ।

उक्त च्यालेञ्जकपका १२ खेलाडीलाई जनही रु पाँच लाख तथा प्रमुख प्रशिक्षक र प्रशिक्षकलाई रु तीन-तीन लाख तथा टोली व्यवस्थापकलाई रु दुई लाख प्रदान गर्ने कार्यक्रम छ ।

टोलीमा खेलाडीहरु अरुणा शाही (कप्तान), मनिषाकुमारी चौधरी, कामना विष्ट, लक्ष्मि चन्द, उषा भण्डारी, प्रतिमा माली, सलिना श्रेष्ठ, सरस्वती चौधरी, सुनिता खड्का, सफिया पुन, कृपा अधिकारी र शान्तिकुमारी थारु हुनुहुन्थ्यो । टोलीमा प्रमुख प्रशिक्षक जगदिशप्रसाद भट्ट र प्रशिक्षक भरत यादव तथा व्यवस्थापक ज्योति केसी रहनुभएको थियो ।

# पुलको नामकरण गर्नेलाई पुरस्कार

**पोखरापत्र संवाददाता**
**बागलुङ, १७ माघ**

बागलुङको बाङ्गेचौर र पर्वतको अदुवाबारी जोड्ने सिङ्गल स्पान (एक टापुबाट सीधा अर्को टापु जोड्ने) प्रविधिको संसारकै लामो दावी गरिएको सो पुलको नामकरण गर्नेलाई बागलुङ नगरपालिकाले पुरस्कृत गरेको छ । पुलको नामकरण गरेका बागलुङ नगरपालिका-५ मालिकाका घनश्याम सापकोटालाई नगरपालिकाले नगद रु २५ हजारले पुरस्कृत गरेको हो ।

सापकोटाले पुलको नाम 'गण्डकी गोल्डेन ब्रिज' अर्थात् गण्डकी स्वर्णिम झुला राख्नुभएको थियो । शहीद दिवसमा आइतबार आयोजित कार्यक्रममा बाङ्गेचौरमा रहेको शहीदपार्कको मध्यभागबाट पर्वत जोड्ने गरी कालीगण्डकी खोचमा बनेको पुलको नामकरण गर्ने सापकोटालाई बागलुङ नगरपालिकाका प्रमुख जनकराज पौडेलले पुरस्कार हस्तान्तरण गर्नुभयो ।

नगरपालिकाले पुलको नामकरणका लागि सार्वजनिक सूचना गरेको थियो । उपप्रमुख सुरेन्द्र खड्काको संयोजकत्वमा बनेको नाम छनोट समितिले उत्कृष्ट २५ नाम छनोट गरेको थियो । सापकोटाले नाम मात्रै राख्नुभएको थिएन उहाँले राखेको नामको विस्तृत अर्थसमेत समावेश गर्नुभएको थियो । पाँच सय ६७ मिटर लामो पुललाई आवतजावतको साधन मात्रै नभई बागलुङको पर्यटनसँग जोड्ने भन्दै नामकरण गरिएको हो । बागलुङका झण्डै ५०० बढी झोलुङ्गे पुलमध्ये नामकरण भएको यो पहिलो पुल हो । अन्य पुलमा सोही ठाउँ वा खोला, नदीमाथिको पुल भनेर चिन्ने गरिन्छ ।

शहीदपार्कमा भएको कार्यक्रममा त्यहाँ रहेका शहीदको शालिकमा माल्यार्पण गरिएको थियो । शहीदको सम्झना गर्दै बागलुङ नगरपालिकाका प्रमुख जनकराज पौडेलले शहीदको बलिदानीले नै अहिलेको व्यवस्था आएको बताउनुभयो ।

# ऊर्जा मन्त्री भुसालसँग अष्ट्रेलियाली राजदूतको भेट

**रासस**
**काठमाडौं, १७ माघ**

ऊर्जा, जलस्रोत तथा सिँचाइमन्त्री पम्फा भुसालसँग नेपालका लागि अष्ट्रेलियाली राजदूत फेलिसिटी जान भोल्कले शिष्टाचार भेट गर्नुभएको छ । मन्त्रालयमा सोमबार उहाँहरूबीच भएको भेटमा द्विपक्षीय हित र चासोका विविध विषयमा छलफल भएको हो ।

सो अवसरमा मन्त्री भुसालले अष्ट्रेलियासँगको साझेदारीलाई नेपालले उच्च महत्व दिएको उल्लेख गर्दै सन् १९६० देखिको द्विपक्षीय घनिष्ट, सौहार्दपूर्ण र मैत्रीपूर्ण सम्बन्धलाई अझ विस्तार गर्दै लैजानुपर्नेमा जोड दिनुभयो । उहाँले विश्वले सामना गरिरहेको महामारी र जलवायु परिवर्तनका चुनौति बढ्दै गएकाले आपसी सहकार्य पहिलाभन्दा अझ बढी आवश्यक रहेको उल्लेख गर्नुभयो । नेपाल-अस्ट्रेलिया साझेदारीलाई थप सुदृढ बनाउन राजदूतले निर्वाह गर्नुभएको भूमिकको प्रशंसा गर्दै मन्त्री भुसालले नेपालको आर्थिक तथा सामाजिक विकासमा अस्ट्रेलियाले पुर्‍याएको सहयोगप्रति धन्यवाद व्यक्त गर्नुभयो । राजदूत भोल्कले नेपालको आर्थिक तथा मानवीय क्षमता अभिवृद्धिका लागि अष्ट्रेलिया सरकारले निरन्तर सहयोग गर्ने विश्वास दिलाउनुभयो । भेटका क्रममा उहाँले जलस्रोत र नवीकरणीय ऊर्जा प्रवर्द्धनमा पनि सहयोग गर्न इच्छुक रहेको उल्लेख गर्नुभयो ।

राजदूत भोल्कले विद्युतीय सवारी साधन प्रवर्द्धन गर्न र जलस्रोतका क्षेत्रमा सहकार्य गरेर अगाडि बढ्न चाहेको बताउनुभयो । उहाँले जल तथा ऊर्जा आयोगको सचिवालयसँग सहकार्य गरी कमला बेसिनमा काम गरिरहेको उल्लेख गर्दै त्यसलाई थप प्रभावकारी बनाएर अगाडि बढाइने बताउनुभयो ।

जलस्रोत व्यवस्थापनमा सहकार्य गर्नका लागि नेपालको ऊर्जा, जलस्रोत तथा सिँचाइ मन्त्रालय र अस्ट्रेलियाको 'कमनवेल्थ साइन्टिफीक एन्ड इन्डस्ट्रियल रिसर्च अर्गनाइजेसन' बीच सन् २०१७ मा समझदारी भएको थियो । सो सम्झौताअनुसार 'कमनवेल्थ साइन्टिफीक एन्ड इन्डस्ट्रियल रिसर्च अर्गनाइजेसन'र जल तथा ऊर्जा आयोगको सचिवालयको साझेदारीमा कमला बेसिनको अवस्थाबारे अध्ययन गरी रणनीति बनाएर कार्यान्वयनमा लगिएको छ ।

# क्रिकेट टोलीको फिल्डिङ प्रशिक्षकमा श्रीनिवास नियुक्त

**रासस**
**काठमाडौं, १७ माघ**

भारतका रघुराम श्रीनिवासलाई राष्ट्रिय क्रिकेट टोलीको फिल्डिङ कन्सल्टयान्ट प्रशिक्षकमा नियुक्त गरिएको छ ।

ओमानमा फेब्रुअरी तेस्रो सातादेखि आयोजना हुने आइसिसी टि-२० विश्वकप छनोटअघि बन्द प्रशिक्षणका लागि श्रीनिवासलाई फिल्डिङ प्रशिक्षकका रुपमा नियुक्त गरिएको नेपाल क्रिकेट सङ्घ (क्यान)ले जनाएको छ । उहाँ सोमबार नेपाल आइपुग्नुभएको हो । नेपाली टोलीले आइसीसी पुरुष टी-ट्वान्टी विश्वकपको ग्लोबल छनोटका लागि तयारी गरिरहेको छ । ग्लोबल छनोटमा नेपाल समुह 'ए' मा रहेको छ । नेपालको समूहमा ओमान, बहराइन, क्यानडा, जमर्नी, आयरल्यान्ड, फिलिपिन्स र युएई छन् । आठ टोलीलाई पनि दुई समूहमा विभाजन गरिएको छ । समूह 'क' मा नेपाल, क्यानडा, ओमान र फिलिपिन्स तथा समूह 'ख' मा आयरल्यान्ड, युएई, बहराइन र जमर्नी छन् । नेपालले आगामी फागुन ६ गते ओमानसँग पहिलो खेल खेल्नेछ । दुवै समूहबाट फाइनलमा पुग्ने दुई टोलीले आगामी अक्टोबरमा अष्ट्रेलियामा आयोजना हुने टि-२० विश्वकपमा स्थान बनाउने छन् ।

बाथरोग, प्यारालाइसिस भएका, ढाड दुखेका तथा ढाडमा नशा च्यापिएका विरामीहरुलाई खुशीको खबर

**परीक्षण गरिने रोगहरु:**

**बाथ रोग:** घुढा दुख्ने, पुरा शरीर दुख्ने जोर्नीहरु दुख्ने, सुनिने, खिइने, बढि औषधी खाँदा समेत निको नभएका विरामी पुराना तथा नयाँ बाथका विरामीहरु, युरिक एसिड, भएका हात खुट्टाका जोर्नीहरु दुख्ने, पोल्ने झमझमाउने, कुरकुच्चा दुख्ने, बाथ तथा नशाका दुखाइका विरामीहरुले सम्पर्क राख्नुहोला ।

**प्यारालाइसिस:** शरीरको एकहर नचल्ने, बोल्न बस्न उठन खाना खान गाह्रो हुने, मुख बाङ्गो भएका विरामीहरु ।

**ढाड दुख्ने:** ढाडमा नशा च्यापिएको, एकातिरको खुटटा दुख्ने, पोल्ने,झमझमाउने, करकरखाने, ढाड बस्दा उठदा, काम गर्दा दुख्ने ।

विरामी परिक्षण विहान ९ बजेबाट साझ ५ बजेसम्म

*फोनबाट पनि नाम दर्ता गराउन सकिने छ ।*

सम्पर्क:
स्पार्क वि एण्ड डि हस्पिटल प्रा. लि.
पोखरा ८ न्यूरोड, सभागृहचोक
फोन नं. ०६१-५७१४०८, ९८५६०२६७५०, ९८६६४१५३८०

*मिडटाउन सुपर मार्केटको पछाडि पवित्रमार्ग स्टेट न. १ पवित्रमार्ग मेघा हेल्थ केयरको आडमा ।*

के तपाईमा यौनसम्बन्धी समस्या छ

**पुरुषमा देखिने:**
शिघ्रपतन, यौन सन्तुष्टी नहुने, यौन चाहना नहुने, लिङग उत्तेजना नहुने, लिङ चिलाउने, सरुवा यौन रोग, स्वप्नदोष, लिङगको आकार सानो हुने आदि ।

**महिलाहरुमा देखिने:**
स्तन सानो गिलो हुने, सेतो पानी बग्ने, योनी चिलाउने, तल्लो पेट दुख्ने, ढाड दुख्ने, महिनाबारीमा गडवडी, यौन सन्तुष्टिमा कमी हुने आदि ।

**सुन्दरता** : अनुहारका सबै किसिमका दाग, डण्डीफोर कालोपोतो, अनावश्यक कोठी वा फोकाहरु, दुवी, सेता दुवी, साथै अन्य चर्मरोगहरु ।

**मलद्वार सम्वन्धी रोग** : छारसुत्रद्धार पायल्स, फिस्टुला, फिसरको सफल उपचारका साथै मलद्वारमा मासु पलाएको, दिसा बस्दा गाह्रो हुने, मलद्वार दुख्ने, पोल्ने, दिसासँग रगत बग्ने आदि समस्याहरुको सफल उपचार गरिन्छ।

महिला वा पुरुषमा हुने (बाझोपन) निःसन्तानपनको सफल उपचार

**जाँच्ने समय:** प्रत्येक दिन बिहान ९:०० बजेदेखि बेलुकी ५:०० बजेसम्म

सम्पर्क स्थान :
माता मनकामना आर्युबेंद क्लिनीक प्रा.लि.
नयाँबजार पोखरा (न्यू विवेक आयल स्टोर्सको घरमा)
फोन ०६१- ५८९१९४, ९८४४३११९०६, ९८५१०८८११८

नोट : नयाँ तथा पुराना बिरामीहरुले यथाशीघ्र सम्पर्क गर्नुहोला।

कपालको उपचार

कपाल झर्न तुरुन्त रोक्ने तथा उमार्ने

**के तपाई कपाल झरेर चिन्तित हुनुहुन्छ ?**



- कपाल कोर्दा, नुहाउदाँ समेत सय भन्दा वढी नियमित झरिहेको छ,
- चिसो समयमा कपालका समस्याहरु बढ्न सक्छन्
- कपालको वीच वीचमा टाटुपरेर झरेको छ, कपाल चिलाउने, चाँया पर्ने, चिसोको समयमा चाँया पर्ने, कपाल झर्ने तथा टाउकोमा घाउ खटिरा आउने जस्ता समस्या छन् ।
- कपाल झरेको कारणले झुसिलो, पातलो, छोटो भएको छ, कपाल समय अगाबै फुल्ने, टाउकोको अगाडिको भाग झर्ने, दाढी झर्ने, अनावश्यक रौं पलाउने भएको छ । यदि यस्ता समस्या तथा कपालका कुनैपनि समस्या भएका छन् भने एक पटक सम्पर्क राखी स्वास्थ्य लाभ लिनुहोला ।

सम्पर्क: पञ्चम आयुर्वेद क्लिनिक प्रा. लि.
पोखरा-१०, इन्द्रमार्ग, पोखरा रंगशाला नजिकै
फोन नं. ०६१-४३२२४२, ९८४६०६८८०६

फेवा प्रकाशन प्रा.लि.द्वारा प्रकाशित पोखरापत्र राष्ट्रिय दैनिकका लागि प्रधान सम्पादक : पुण्य पौडेल, सम्पादकः रतन गुरुङ, कार्यकारी सम्पादक : शोभाकान्त सिग्देल, प्रबन्ध निर्देशकः नारायण भण्डारी
कार्यालयः नयाँबजार, पोखरा, फोनः ०६१-५८२५०८, ०६१-५७०६५१, ०६१-५३७८५७ E–mail: pokharapatradaily@gmail.com, pokharapatra@yahoo.com,Website : www.pokharapatra.com.np मुद्रणः हिमालय अफ्सेट प्रेस, नयाँबजार, पोखरा ।

**सुक्तिसुधा**

जीवन दुःखपूर्ण छ जहाँ आँसु लिएर बाँच्नुपर्छ । - लक्ष्मीप्रसाद देवकोटा

## सम्पादकीय

# संसदीय समितिलाई सक्रिय बनाऊ

जनताका प्रतिनिधिहरुको सर्वोच्च संस्था संसद् काम गर्न नसक्ने अवस्थामा पुगेको छ। सर्वोच्च अदालतले पुनःस्थापना गरिदिएको प्रतिनिधि सभा लामो समयदेखि अवरुद्ध छ। सभामुख अग्नी प्रसाद सापकोटाले एमाले दल विभाजन गराउन भूमिका खेलेको भन्दै एमालेले विरोध जनाउँदै आएको छ। सभामुखको भूमिका तटस्थ हुन नसकेको र बैठक चलाउन लचकता नदेखाएको एमालेको आरोपमा केही सत्यता छ। सरकारले सदन खुलाउन प्रयास नगरेको कारण सूचना टाँसेर स्थगित हुँदै आएको छ। सत्तारूढ दलहरू सदन नचलेकोमा खुशी देखिन्छन्। विपक्षी एमाले सदन काम गर्न सक्ने अवस्थामा नभएकोले विघटन गर्नुपरेको ठिकै रहेछ भन्ने सन्देश दिन चाहन्छ। सभामुख सत्ता गठबन्धनतिर ढल्कदा तटस्थ भूमिका देखिन छाडेको छ। प्रतिनिधि सभा नै चल्न नसके पनि संसदीय समिति चल्न सक्थे। मिनि संसदको रुपमा चिनिने समिति पनि निस्कृय छन।सार्वजनिक लेखा समिति सत्तासीन दलले छाड्न नमान्दा कामै गर्न नसक्ने अवस्थामा पुगेको छ। सार्वजनिक लेखा समिति प्रमुख प्रतिपक्षी दललाई दिन नचाहनु भनेको भूमिका खेल्न नसक्ने बनाउनु हो। केही समितिहरुको भूमिका विशेष महत्त्वको हुने गर्छ। तिनैमध्येको एक हो, राज्य व्यवस्था तथा सुशासन समिति। तर, यही समिति अहिले सर्वाधिक निष्क्रिय छ।

समितिको बैठक बस्न नसकेको चार महिना भइसकेको छ। प्रभावशाली यो समितिको बैठक महिनौंसम्म बस्न सकेको त छैन नै, कहिले बस्ला भन्ने आकलन गर्ने अवस्था पनि छैना, 'अरु समिति फाट्टफुट्ट यसो चलेको जस्तो देखिन्छ। तर, राज्यव्यवस्था समिति त पूरै निष्क्रिय रहेको छ। पछिल्लो पटक गत असोज २० गते राज्यव्यवस्था समितिको बैठक बसेको थियो। त्यसदिनको बैठकमा अख्तियार दुरुपयोग अनुसन्धान आयोग र निर्वाचन आयोगको वार्षिक प्रतिवेदनबारे तयार उपसमितिको प्रतिवेदनमाथि छलफल गरिएको थियो। तर, पर्सिपल्ट अर्थात् असोज २२ गते नै समिति सभापति शशी श्रेष्ठ भूमि व्यवस्था, सहकारी तथा गरिबी निवारण मन्त्री बनिन्।

राज्य व्यवस्था समिति सभापति श्रेष्ठ मात्रै होइन, वर्तमान मन्त्रिपरिषद्मा श्रेष्ठबाहेक नै पाँच जना सदस्यहरु जनार्दन शर्मा, महेश्वर गहतराज, दिलेन्द्र बडु, राजेन्द्र श्रेष्ठ र रामसहाय यादव पनि मन्त्री बनेका छन। मुख्यतः सभापति नभएका कारण समिति बस्न सकेको छैन।सभापति नभएपछि स्वभाविक रुपमा समितिको नेता पनि भएन। समितिकै नेता नभएपछि बैठकको आयोजना पनि हुनसकेन'।

समितिको कार्यविधिमा सभापतिले बैठक बोलाउने व्यवस्था छ। कोरोना महामारीका कारण भौतिक रुपमा बैठक बस्न त अहिले मुस्किल नै देखिन्छ। तर, समिति ठीकठाक अवस्थामा हुन्थ्यो भने अघिल्ला वर्षमा जस्तै 'भर्चुअल' विधिबाट बैठक बस्न सक्थे। राज्य व्यवस्था तथा सुशासन समितिलाई अन्य समितिको तुलनामा शक्तिशाली मानिन्छ। यसको कार्यक्षेत्रभित्र प्रधानमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालय, गृह मन्त्रालय, रक्षा मन्त्रालय, संघीय मामिला तथा सामान्य प्रशासन मन्त्रालय, अख्तियार दुरुपयोग अनुसन्धान आयोग, लोक सेवा आयोग र निर्वाचन आयोग लगायतका निकाय पर्छन्। ती निकायमाथि निगरानी गर्ने, त्यहाँबाट हुने निर्णयहरुमा आवश्यक निर्देशन दिने लगायतका काम समितिले गर्दै आएको थियो। यो समिति कतिसम्म शक्तिशाली हो भने कुनै बेला सेना र प्रहरी नेतृत्वसँग मिलेर स्वार्थकेन्द्रित निर्णय गर्न खोज्दा प्रधानमन्त्रीलाई नै समितिमा झिकाएर त्यसो नगर्न ठाडो निर्देशन दिइन्थ्यो।

समितिका अन्य नियमित कामहरु पनि छँदैथिए। ती सबै प्रभावित भएका छन्। यसबीचमा बाढी पहिरो, प्राकृतिक प्रकोप, महिला हिंसाका घटना भए, अन्य महत्वपूर्ण घटनाहरु पनि भएका छन्। यस्ता विषयहरुमा समितिले सरकारलाई निर्देशन दिन सक्थ्यो। अहिले समिति नचल्दा त्यस्ता काम पनि रोकिएका छन्। त्यसरी रोकिनु राम्रो होइन।' समितिलाई सक्रिय बनाउन विपक्षीलाई सभापति दिएर जान सकिन्छ।समितिले काम गर्न थालेपछि प्रतिनिधि सभा पनि सूचारु गर्न विपक्षी एमालेलाई दबाब पुग्नेछ।

# तपाईंको आज

| | | | |
|---|---|---|---|
| मेष | : कार्यमा सफलता | तुला | : सहयोग मिल्नेछ |
| वृष | : आर्थिक समस्या | वृश्चिक | : सम्मान मिल्नेछ |
| मिथुन | : सत्कार मिल्नेछ | धनु | : व्यापारमा लाभ |
| कर्कट | : मानसिक तनाव | मकर | : मन चञ्चल |
| सिंह | : शारीरिक झमेला | कुम्भ | : अप्रत्यसित लाभ |
| कन्या | : झमेला बढ्ने | मीन | : शत्रुको भय |

**हरिसिद्धि भविश्यवाणी केन्द्र**

पोखरा-१६, जोगिमणीमार्ग, मोबाइलः ९८५६०२०५८६

चिना, टिप, हस्तरेखा,आखत,माटो हेर्नका लागि सम्झनुहोस्।

# राष्ट्रपतिसमक्ष निर्वाचन आयोगको वार्षिक प्रतिवेदन पेश

रासस

काठमाडौं, १७ माघ

राष्ट्रपति विद्यादेवी भण्डारीसमक्ष प्रमुख निर्वाचन आयुक्त दिनेशकुमार थपलियाले नेपालको संविधानको धारा २९४ को उपधारा (१) बमोजिम निर्वाचन आयोगको आर्थिक वर्ष २०७७/०७८ को वार्षिक प्रतिवेदन सोमबार पेश गर्नुभएको छ। राष्ट्रपति भवनमा सोमबार नै आयोजित समारोहमा राष्ट्रियसभा सदस्य निर्वाचन ऐन, २०७५ को दफा ६० बमोजिम राष्ट्रियसभा निर्वाचन २०७८ को निर्वाचन परिणामसहितको प्रतिवेदन पनि पेश गरिएको राष्ट्रपति कार्यालयका प्रवक्ता सागर आचार्यले जनाउनुभएको छ।

# विद्युतीकरण योजना अधुरै

रासस

म्याग्दी, १७ माघ

म्याग्दीको मालिका गाउँपालिकाको तीन वटा वडामा केन्द्रीय प्रशारण लाइनको विद्युत् सुविधा विस्तार गर्न सञ्चालित आयोजना अलपत्र परेको छ। तीन वर्षअघि नै बत्ती बलिसक्नुपर्ने गाउँमा लगिएका पोल गाड्ने र तार तान्ने काम अझै भएको छैन।

नेपाल विद्युत् प्राधिकरणले पर्वतको मिलनचोकदेखि म्याग्दीको मालिका गाउँपालिका-६ रातोढुङ्गा जोड्ने प्रशारण लाइन, ३३/११ केभी क्षमताको रातोढुङ्गा सवस्टेशन र आसपासका तीन वटा वडामा विद्युतीकरण गर्न सन् २०१६ मा आयोजना सुरु गरेको थियो। मालिका गाउँपालिकाको वडा नम्बर १ निस्कोटको खहरे, रिठेचौर, साउँबोट, बाासबोट, छिस, भट्टखोला, घोर्सिका ३०० घरधुरीमा विद्युतीकरण गर्न तीन वर्षअघि लगिएका पोल अझै नगाडेको खहरेका रनबहादुर पुनले बताउनुभयो। "सडकको वरपर राखिएका बिजुलीका पोल झाडीले पुरिएका छन्", उहाँले भन्नुभयो, "पोल ल्याएको तीन वर्षपछि हालै तीन रोल एबिसी केबुल आएपनि पोल गाड्ने र तार तान्ने काम भएको छैन।" ५०० घरधुरी रहेको मालिका-२ रुम्मा पोल गाडेको तार तानेको र ट्रान्सफर्मर जडान भए पनि केन्द्रीय लाइन विस्तार नभएको वडाध्यक्ष नरबहादुर पुनले बताउनुभयो। १५० घरधुरी भएको मालिका-६ को उपल्लो दुखुमा तीन वर्षअघि ढुवानी गरिएको पोल गाडेर हालै तार तान्न थालेका स्थानीय ओमकार रोकाले बताउनुभयो। तीनवटै बस्तीका बासिन्दा लघु जलविद्युत् परियोजना नियमित सञ्चालन नहुने र केन्द्रीय लाइन विस्तारमा ढिलाइ हुँदा उज्यालोका लागि टुकी, दियालो र सोलारमा निर्भर हुनुपरेको खहरेका सम्मरसिंह पुनले बताउनुभयो।

"विद्यालयमा कम्प्युटर विषयको पठनपाठन सञ्चालन गर्नदेखि घरायसी काम प्रभावित भएको छ", उहाँले भन्नुभयो, "मालिका गाउँपालिकाको केन्द्र दरबाङ बजारसँगै जोडिएको हाम्रो बस्तीमा अझै केन्द्रीय लाइनको बिजुली बलेको छैन।" नेपाल विद्युत् प्राधिकरणमार्फत ए टु जेड इन्जिनियरिङले करिब आठ करोड रुपैयाँमा सन २०१६ मा ठेक्का लिएको सवस्टेशन, मिलनचोकदेखि २२ किलोमिटर प्रशारण लाइन, दुखु, निस्कोटको तल्लो क्षेत्र र रुम्मा विद्युतीकरण गर्ने काम २०१८ को डिसेम्बरमै सक्ने लक्ष थियो। नेपाल विद्युत् प्राधिकरणअन्तर्गत सम्बद्ध आयोजनाको बेवास्ता र निर्माण व्यवसायीको लापरबाहीका कारण सवस्टेशन, प्रशारण लाइन र तीन वटा बस्तीमा बिजुली बाल्ने योजना अधुरो बनेको मालिका-१ का वडाध्यक्ष टङ्कप्रसाद पुनले बताउनुभयो। २० किलोमिटर दूरिसम्म एउटा सवस्टेशनबाट विद्युत् आपूर्ति गराउने मापदण्ड भए पनि मिलनचोक सवस्टेशनदेखि तीन वटा फिडरबाट ८० किलोमिटरसम्म वितरण गर्नुपर्दा नियमित विद्युत् आपूर्ति गराउन समस्या भएको छ। म्याग्दीको मङ्गला, मालिका र धवलागिरि गाउँपालिकामा विद्युत् आपूर्ति सहज बनाउन रातोढुङ्गा सवस्टेशनलाई जति सक्दो छिटो सम्पन्न गराउनुपर्ने नेपाल विद्युत् प्राधिकरण म्याग्दी वितरण केन्द्रका प्रमुख प्रशान्तकुमार झाले बताउनुभयो।

रातोढुङ्गा सबस्टेशन आयोजनाका इन्जिनीयर कपिल पाण्डेले धेरै प्रयासपछि ठेकेदारलाई काममा फर्काएको र अधुरा काम सक्न ताकेता गरिएको बताउनुभयो। "ठेकेदारलाई धेरै पटक ताकेता गरेर काममा फर्काएका छौँ", उहाँले भन्नुभयो, "बाँकी कामलाई पूर्णता दिन पहल, समन्वय र ताकेता गरेका छौँ।"

# बढ्यो निर्यात

रासस

काठमाडौं, १७ माघ

निर्यात व्यवसायी महासङ्घ नेपालले कोभिड-१९ को समयमा पनि नेपालको निर्यात क्षेत्रमा उल्लेख्य वृद्धि भएको जनाएको छ।

महासङ्घको दोस्रो वार्षिकोत्सवका अवसरमा मंगलबार यहाँ आयोजित कार्यक्रममा महासङ्घका अध्यक्ष एवम् गण्डकी प्रदेशका सांसद रामबहादुर गुरुङले आर्थिक वर्ष २०७७/७८ को प्रथम ६ महिनाको तुलनामा चालु आर्थिक वर्षको ६ महिनामा निर्यात क्षेत्रमा वृद्धि भएको बताउनुभयो। चालु आवको प्रथम ६ महिनाको अवधिमा नेपालको कूल निकासी ९५.५ प्रतिशतले वृद्धि भई रु एक खर्ब १८ अर्ब ८५ करोड तथा कूल पैठारी ५१.१ प्रतिशतले वृद्धि भई रु ९ खर्ब ९९ अर्ब ३४ करोड पुगेको अध्यक्ष गुरुङले बताउनुभयो। "नेपालको निर्यातमा ५७.८ प्रतिशत योगदान राख्ने भटमास, पामतेल र सूर्यमुखी तेल भारतमा नै भइरहेकाले नेपालको कूल निकासीमा भारततर्फको हिस्सामा बढोत्तरी देखिएको छ", उहाँले भन्नुभयो। अध्यक्ष गुरुङले महासङ्घले उच्च हिमाली तथा पहाडी क्षेत्रका २२ जिल्लाका ३३ स्थानीय तहमा ऊन मिसन कार्यक्रममार्फत भेडा र च्याङ्ग्रापालनका लागि प्रोत्साहन कार्यक्रम तथा गण्डकी र कर्णाली प्रदेशमा हिमाली जिल्लामा ऊन प्रशोधन कारखाना स्थापना गर्ने बताउनुभयो। यस्तै काठमाडौं उपत्यकाभित्र नेपाल सरकार र महासङ्घको साझेदारीमा अन्तर्राष्ट्रिय प्रदर्शनी केन्द्र निर्माण गर्ने, अघिल्लो वर्षको भन्दा थप परिमाण र मूल्यको वस्तु निर्यात गर्ने निर्यातकर्तालाई थप अनुदान दिने व्यवस्था गर्ने महासङ्घले जनाएको छ। च्याङ्ग्रा, पस्मिना, फेल्ट, नेपाल हर्ब्स, नेपाली चिया, हिमालय नेपाली कार्पेट, कफिलगायतका सामूहिक ट्रेडमार्कको अन्तर्राष्ट्रिय बजारमा प्रवर्द्धन गरिने अध्यक्ष गुरुङको भनाइ छ।

# तत्काल दूधको मूल्य बढाउन किसानको माग

रासस

चितवन, १७ माघ

यहाँका किसानले तत्काल दूधको मूल्य बढाउन माग गरेका छन्।

उनीहरुले तत्काल मूल्य वृद्धि नगरिए आन्दोलन गर्ने चेतावनी समेत दिएका छन्। चितवन दुग्ध उत्पादक सहकारी सङ्घ लिमिटेडले आइतबार यहाँ पत्रकार सम्मेलन गरी मूल्य बढाउन दबाब दिएको हो। दूधको मूल्यमा प्रतिलिटर रु १५ देखि २० सम्म बढाउनुपर्ने उनीहरुको माग छ। सङ्घका अध्यक्ष रत्नमणि न्यौपानेले सरकारले यही माघ १ गतेदेखि मूल्य बढ्छ भने पनि अहिलेसम्म नबढेकाले आन्दोलनको तयारीमा लागेको बताउनुभयो। सरकारले एक लिटरमा रु १० मूल्य बढाएर किसानलाई रु.सात र डेरी उद्योगीलाई रु तीन दिने तयारी गरेको बताइएको छ। उहाँका अनुसार हाल दूधको मूल्य किसानले सरदर लिटरमा ५२.५० पर्ने गरेको छ।

पशुलाई खुवाउने आहारको मूल्य अत्यधिक वृद्धि भएकाले यो मूल्यले लागत नउठ्ने उहाँले बताउनुभयो। अध्यक्ष न्यौपानेले भन्नुभयो, "दाना, चोक्कर, पराल र औषधिको मूल्य अत्यधिक बढेकाले अहिले उत्पादन लागत नै प्रतिलिटर रु ६३ किसानको पर्ने गरेको छ। त्यसैले किसानलाई लाभ पुग्नेगरी मूल्य बढाउनुपर्छ।" सरकारले तीन वर्षदेखि दूधको मूल्य बढाएको छैन। हाल जिल्ला ६३ प्रतिशत दुग्ध उत्पादक किसान छन्। यसबाट दैनिक दुई लाख ९० हजार लिटर दूध उत्पादन हुँदै आएको छ। ४३ प्रतिशत दूध बाहिरी जिल्ला काठमाडौं, भक्तपुर, ललितपुर, कास्की र मकवानपुरमा जाने सङ्घले जनाएको छ। सङ्घले जारी गरेको विज्ञप्तिमा पशुको उपभोग्य बस्तुमा १० देखि १५ प्रतिशत वृद्धि भएको जनाइएको छ।

# एक्स-रे का लागि पनि अर्को जिल्ला जानुपर्छ मनाङवासीलाई

-नवीन लामिछाने

मनाङ, १७ माघ (रासस)

सामान्य रोग लागेमा मनाङवासीलाई उपचारको पहुँचमा पुग्न पनि मुस्किल छ। सामान्य औषधि उपचारका लागि नै अर्को जिल्ला नपुगेसम्म हुँदैन। जिल्लाको एकमात्र अस्पतालमा समेत जिल्लावासीलाई आवश्यक आधारभूत उपचार तथा औषधि पर्याप्त पाउने अवस्था छैन।

मनाङ भौगोलिक रुपमा विकट भएकाले पनि उपचारको पहुँचमा पुग्न समस्या छ। सामान्य उपचारका लागि पनि जिल्लाबाहिर जानुपर्ने समस्या हलगर्न सम्बन्धित निकायलाई स्थानीयवासीको गुनासो छ। सामान्य चोटपटक लागेपछि उपचारका लागि अर्को जिल्ला जानुपर्ने बाध्यता हिमाली जिल्ला मनाङका स्थानीयले खेपिरहेका छन्। एक्स-रे, भिडियो एक्स-रे लगायतका प्राविधिक सेवा मनाङमा उपलब्ध छैनन्। यसले गर्दा यहाँ कुनै चोटपटक लागेका व्यक्ति पनि दुई/तीन दिन लगाएर छिमेकी जिल्ला पुगी उपचार गर्नुपर्ने बाध्यता रहेको छ। सामान्य देखिएका चोटपटकको उपचारका लागि जिल्लामा मेसिन उपलब्ध रहेपनि उपयोग भने नभएको स्वास्थ्य कार्यालय मनाङका प्रमुख बद्री आचार्यले जानकारी दिनुभयो। उहाँका अनुसार जिल्लाको एउटा मात्रै अस्पतालमा पनि सामान्य सेवा प्रवाह गर्न मुस्किल भएको छ। "अस्पतालमा आवश्यक चिकित्सक पनि उपलब्ध छैनन्। अस्पतालमा उपलब्ध सामग्री उपयोग गर्न सकेका छैनौं। यस विषयमा सम्बन्धित निकाय समक्ष समेत जानकारी गराएका छौं", आचार्यले भन्नुभयो। विकट जिल्ला भीरपाखामा काम गर्ने कामदार तथा स्थानीयमा चोटपटक लागेमा अस्पतालसम्म पुऱ्याए पनि आवश्यक उपचार पाउन नसकेर अन्यत्र जिल्ला पुऱ्याउन सकिएन भने ज्यान जान सक्ने अवस्था छ। अस्पतालमा आएका बिरामीलाई सामान्यबाहेक अन्य सेवा पर्वाह गर्न नसकेको उहाँले बताउनुभयो। "मनाङवासीलाई समय हेलिकप्टर चार्टर्ड गरेर मात्रै उपचारको पहुँचमा पुग्न सक्ने अवस्था छ। मौसम अनुकूल नभएको अवस्थामा ज्यान नै जान सक्छ। यस्तो जोखिमबाट जोगाउने उद्देश्यले प्रदेश, सङ्घ तथा स्थानीय सरकार समक्ष पहल गरिरहेका छौं। हालसम्म सुनुवाई भने भएको छैन," आचार्यले भन्नुभयो, "समयमै सम्बन्धित निकाय सचेत भइदिएमा जिल्लावासीलाई यहीँ नै सहज रुपमा उपचार सेवा दिन सकिनेछ।" प्रमुख जिल्ला अधिकारी रवीन्द्रप्रसाद आचार्यले स्वास्थ्य सेवा सहज बनाउन स्थानीय सरकारसँग पनि समन्वय भइरहेको बताउनुभयो। उहाँका अनुसार यहाँका स्थानीय सरकारले पनि प्रदेश र सङ्घीय सरकारलाई यसका लागि दबाब दिएका छन्। "जिल्ला अस्पतालमा प्राविधिकको आवश्यकता छ। अस्पतालमा मेसिन मात्रै जडान गरेर भएन। चलाउने प्राविधिकको आवश्यकता छ। यसको पूर्तिका लागि प्रदेश सरकारसमक्ष पेश गरेका छौं। विकट जिल्ला भएकाले होला यहाँ कर्मचारी आउन नचाहेको जस्तो पनि लाग्छ। स्थानीय, प्रदेश र सङ्घीय सरकारले यसको व्यवस्थापन गरोस् भनेर अपिल गरिरहेको छौं", प्रजिअ आचार्यले भन्नुभयो, "छिट्टै प्राविधिकको व्यवस्थापन गर्ने काममा लागेछौं।" स्थानीय सरकारले पटकपटक जिल्लामा कम्तीमा आधारभूत स्वास्थ्य सेवा सहज बनाउन प्रदेश र सङ्घीय सरकारसमक्ष आग्रह गरिरहेको जनाउँदै आएका छन्। समयमा सम्बन्धित निकायको ध्यान पुगेमा मनाङवासीको सकसपूर्ण सडकमार्फत अर्को जिल्लामा पुगेर उपचार गर्नुपर्ने बाध्यता हट्न सक्नेछ।

**Pokhara Metropolitan City**
**Office of Municipal Executive**
Newroad, Pokhara
Gandaki Province, Nepal

## NOTICE OF INTENT OF ACCEPTANCE

**Date of Publication 2078/10/18 (1st Feb 2022)**

For the provision on sub clauses 27.2 and 27.3 of Public Procurement Act 2063, this is notifying to all Bidders who submitted their bids for the contract as per the IFB Notice published on 2nd December 2021 on Pokhara Hotline National Daily, that the following mentioned lowest evaluated substantial responsive bidder is intended to award the Contract.

| SN | Name of Project | Contract Identification No | Name of Successful Bidders | Bid Amount (Excluding VAT & PS), NRs | IFB Notice Publication dates |
|---|---|---|---|---|---|
| 1 | Upgrading of Kalika Chowk Thumako Danda Road, PMC -26 | 56/PMC/NCB/W/078-079 (IFB No: 20.1/PMC/078-079) | C.T Construction and Housing Pvt Ltd, Pokhara – 33 Kaski | 42,95,922.00 | 2nd December 2021 |

Chief Administrative Officer

# अन्तरराष्ट्रिय विमानस्थलको मुख्य समस्या 'ल्याण्डफिल साइट'

–जमुनावर्षा शर्मा
पोखरा, १७ माघ(रासस)

सन् २०१७ मा पर्यटकीय नगरी पोखरामा निर्माण शुरु भएको राष्ट्रिय गौरवको आयोजनाका रूपमा रहेको पोखरा अन्तरराष्ट्रिय विमानस्थल सन् २०२१ जुलाई १० मा सम्पन्न हुनुपर्ने सम्झौता थियो । चिनियाँ ठेकेदार कम्पनी सिएएमसिईले तोकिएको समय सीमाभन्दा ६ महिनाअघि निर्माण सम्पन्न गरेर हस्तान्तरण गर्ने बताउँदै आए पनि विश्वव्यापी रूपमा फैलिएको कोभिड -१९ का कारण विमानस्थल निर्माणको समय एक वर्ष थप गरी २०२२ जुलाई १० सम्म धकेलियो । अहिले विमानस्थलका अधिकांश पूर्वाधार निर्माण सम्पन्न भइसकेको बताइएको छ ।

सन् २०२२ जुलाई नजिकिँदै गर्दा पोखरालाई विश्वसँग जोड्न महत्वपूर्ण मानिएको विमानस्थल नजिकै रहेको फोहोर विसर्जनस्थल व्यवस्थापनतर्फ समयमै नसोचिँदा अहिले यो मुख्य समस्याका रूपमा देखिएको छ । सुरक्षित उडानका लागि विमानस्थल दुई किलोमिटर क्षेत्रमा रहेको ल्याण्डफिल साइटलाई उपयुक्त ठाउँमा स्थानान्तरण गरेर व्यवस्थापन गर्नुपर्ने हुन्छ । विमानस्थलका आयोजना प्रमुख विनेश मुनाकर्मीले विमानस्थल जुलाईसम्ममा सम्पन्न हुने तर ल्याण्डफिल साइटको व्यवस्थान हुन नसके उडान सम्भव नहुने बताउनुहुन्छ । उहाँ भन्नुहुन्छ, "विमानस्थलको ९१ प्रतिशत काम सकिएको छ, अब बाँकी पनि समयमै सकिनेछ तर महानगरको जिम्मेवारीभित्र रहेको ल्याण्डफिल साइट समयमै स्थानान्तरण गरिएन भने उडानमा समस्या आउने छ ।" उहाँले महानगरलाई यस विषयमा पटकपटक लिखित र मौखिक रुपमा जानकारी गराइरहे पनि सोअनुरुप काम अघि बढ्न ढिलासुस्ती भइरहेको बताउनुभयो । "मुख्य समस्याका रूपमा रहेको ल्याण्डफिल साइडका लागि उचित स्थानको खोजी भइरहेको र छिट्टै यसको समाधान हुन्छ भन्ने आश्वासन मात्र महानगरबाट पाएका छौँ", मुनाकर्मीले भन्नुभयो । पोखरा महानगरपालिका वडा नं १४ बाच्छेबडुवामा रहेको ल्याण्डफिल साइट हाल निर्माणाधीन विमानस्थलबाट करिब दुई किमीमा छ । उडानसम्बन्धी अन्तरराष्ट्रिय मान्यतानुसार विमानस्थलबाट १० किमीभित्र ल्याण्डफिल साइट हुनुहुँदैन । ल्याण्डफिल साइट नजिक हुँदा चिल, गिद्धलगायत चराचुरुङ्गीबाट हवाई उडान जोखिममा पर्न सक्ने देखिन्छ । लामो समयदेखि एकै स्थानमा आहारको खोजी र आसपासमा बासस्थान बनाइरहेका चरा त्यही ठाउँमा आहाराका लागि आइरहने हुँदा कम्तीमा ६ महिना अगाडिदेखि स्थानान्तरण गर्नुपर्ने मुनाकर्मी बताउनुहुन्छ । उहाँले डम्पिङ साइटको स्थान टुङ्गो लगाएर मात्र व्यवस्थापन गर्न सकिए चराबाट उडानमा आउने समस्या समाधानका लागि बाटो खुल्ने बताउनुभयो । पुरानो ठाउँमा



बाक्लो माटाले पुरेर र बर्ड स्केरिङ डिभाइस राखेर त्यस क्षेत्रमा देखिने अन्य चराको समस्यालाई पनि व्यवस्थापन गर्न सकिने उहाँको भनाइ छ । उहाँका अनुसार अब विमानस्थलमा 'फिनिसिङ'का केही काम बाँकी छन् । वर्षायाम शुरुअघि नै 'अपडेट स्ट्रक्चर'लगायत कार्य सम्पन्न गरिने उहाँले जानकारी दिनुभयो । यसबाहेक निर्माणाधीन विमानस्थलको पूर्वमा रहेको रिठ्ठेपानी डाँडाको उचाइ ४० मिटर काट्न बाँकी नै छ, त्यससँगै विमानस्थल सञ्चालनपूर्व नै पानीको निकासमा देखिएको समस्यालाई पनि समाधान गर्नुपर्ने हुन्छ । पोखरा अन्तरराष्ट्रिय विमानस्थल सञ्चालनका लागि तयारी कार्यदलका संयोजक विक्रम गौतम विमानस्थल क्षेत्रमा ल्याण्डफिल साइट हुँदा त्यस क्षेत्रमा आउने चराका कारणले उडान जोखिम बढाउने भएकाले छिटोभन्दा छिटो व्यवस्थापन गर्नुपर्ने बताउनुहुन्छ । "अहिलेको प्रमुख समस्याका रूपमा विमानस्थल क्षेत्रमा पर्ने डम्पिङ साइट हो, अहिले त्यस क्षेत्रमा चराहरूको जुन गतिविधि छ, त्यसले उडानलाई चुनौती थप्छ, यस विषयमा महानगरले विशेष चासो दिएर सञ्चालनपूर्व नै स्थानान्तरण गर्नुपर्ने हुन्छ तर अहिलेसम्म पनि जग्गाको टुङ्गो लागेर काम अघि बढेको छैन", गौतमले भन्नुभयो । उहाँका अनुसार महानगरको ढिलासुस्तीले उडान सञ्चालनमा चुनौती थप्ने छ । चरा विज्ञसँगको छलफलअनुसार तत्काल यसको व्यवस्थापन गर्न सके ४० प्रतिशत चराको गतिविधि त्यहाँबाट रोक्न सकिनेछ । त्यसबाहेक पनि विमानस्थल आसापास खोलाका किनार, फोहोर, नभचर बासस्थानका कारण पनि त्यस क्षेत्रमा देखिने चरालाई पनि रोक्नुपर्ने अर्को चुनौती छ । पोखरामा स्थानीयसँगै आगन्तुक चराको पनि चहलपहल बढी भएकाले गार्डिङ, साइरन, शिकारी र अन्य उपकरणको प्रयोग गरेर गतिविधि न्यूनीकरण गर्न सकिने गौतमले बताउनुभयो । चरा उडान शतप्रतिशत रोक्न सम्भव नहुने उहाँको भनाइ छ । "खुला आकाशमा चरा नभएको जहाज उडान परिकल्पना गर्न सकिँदैन, सकेसम्म चरालाई एभोइड गरेर उडान गर्नुपर्छ, बेलाबेलामा चरा जहाजमा ठोकिएको, जहाजले चरा हानेको समाचारहरू आइरहेका छन्, खुला आकाशमा जहाज र चरा उडान सँगसँगै हुने अवस्था आएमा हुन्छ ।" उहाँले 'एक्सेप्टेबल लेभल अफ सेफ्टी'लाई ध्यान दिएर अघि बढ्नुपर्ने बताउनुभयो । उहाँका अनुसार पोखरा चराका हिसाबले अत्यन्त 'भल्नरेबल' ठाउँ भएकाले वर्षमा केही समय एयरपोर्ट बन्द गर्नुपर्ने अवस्था आउन सक्छ । विशेष गरी सेप्टेम्बरमा धेरै चराले बच्चा पाउने र कोरल्ने गतिविधि हुने भएकाले त्यसलाई ध्यान दिनुपर्ने उहाँको भनाइ छ । उहाँका अनुसार महानगरले प्रस्ताव गरेका स्थानमध्ये उडानको प्राविधिक नियमअनुसार भलामको पसमराम जग्गा उपयुक्त हुन्छ । अन्तराष्ट्रिय अभ्यासअनुसार विमानस्थलको १० किमी ल्याण्डफिल साइट स्वीकार गर्न मिल्दैन । एउटा दूरीले नाप्ने विषय तथा अर्को भौगोलिक विशेषता, विमानस्थल र त्यस क्षेत्रको दूरीको सम्बन्ध पनि हेर्नुपर्ने उहाँको भनाइ छ । गौतमका अनुसार पोखरा विमानस्थल सञ्चालनका लागि १० समस्या रहेकामा पहिलोमा ल्याण्डफिल, दोस्रोमा रिठ्ठेपानी डाँडा कटान र तेस्रोमा नहर व्यवस्थापन तथा बाँकी सात नीतिगत समस्या छन् । रिठ्ठेपानी डाँडाको समस्या समाधान लगभग अन्तिम चरणमा पुगेको छ । महानगरको जिम्मेवारीभित्र रहे पनि ऊ एक्लैले मात्र सल्टाउन गाह्रो हुन सक्ने भएकाले प्रदेशका मुख्यमन्त्री तथा प्रधानमन्त्री, विभागीय मन्त्रीलाई समेत समस्याका बारेमा अवगत गराइएको उहाँले बताउनुभयो । "हामीले मुख्य समस्याका रूपमा सबैलाई ध्यानाकर्षण गराइरहँदा पनि जुन गतिमा काम हुनुपर्ने हो, त्यसअनुरुप भएको छैन । तसर्थ निर्माण अन्तिम चरणमा पुग्दा सो विषयमा गम्भीर भएर काम गर्न हामी महानगरलाई अनुरोध गर्दछौँ ।"

**जग्गाको टुङ्गो छैनः कावा प्रमुख गुरुङ**

विमानस्थल निर्माण अन्तिम चरणमा पुगेसँगै उडानलाई प्रभावित पार्ने डम्पिङ साइट व्यवस्थापनका लागि महानगर विशेष चासो दिएर प्रक्रियागत रुपमा अघि बढेको कार्यवाहक प्रमुख मञ्जु गुरुङले बताउनुभयो । "विमानस्थल नजिकै डम्पिङ साइट रहेकाले अन्तरराष्ट्रिय विमानस्थलबाट हुने उडानलाई जोखिममा पार्ने देखिएको छ, महानगरले विशेष चासोको साथ समिति बनाएर कामलाई अगाडि बढाएको छ । प्रस्तावित जग्गाहरूमा छलफल भइरहेको छ, यद्यपि अहिले नै जग्गाको टुङ्गो भने लागिसकेको छैन ।" उहाँले ल्याण्डफिल व्यवस्थापनका लागि बनेको समन्वय समितिले पोखराका तीन ठाउँ प्रस्ताव गरेको जानकारी दिनुभयो । उहाँका अनुसार प्रस्तावित ठाउँमध्ये पोखरा -२० को सिमाना वडा नं १६ स्थित भलाम पसमरामको स्थानलाई उपयुक्त मानिएको छ । "हामी प्रक्रियागत रूपबाट अघि बढेका छौँ तर ल्याण्डफिल साइट भन्नेबित्तिकै स्थानीयवासीले सहज रुपमा लिन नसक्ने र विरोध गर्ने प्रवृत्तिले पनि समस्या समाधानमा ढिलाइ भइरहेको छ, स्थानीयवासीसँगको समन्वयमा हामी अघि बढ्छौँ", गुरुङले भन्नुभयो, "अहिले स्थानीयवासीको माग केही छैन तर ल्याण्डफिल साइट आफ्नो क्षेत्रमा ल्याउन दिन्न भन्ने उनीहरूको भनाइ छ, स्थानीयवासीलाई प्रस्तावित ल्याण्डफिलको गुरुयोजनाका बारेमा बुझाएर सहमति ल्याउने प्रयास गर्नेछौँ ।" उहाँका अनुसार नगरस्तरीय राजनीतिक दलसँग छलफल भएको र जिल्लास्तरीय राजनीतिक दलसँग पनि छलफल भइरहेको छ ।

ल्याण्डफिल व्यवस्थापनका लागि समन्वय समितिका सदस्य तथा वडा नं १३ का वडाध्यक्ष दर्शन लामाले समितिले पोखरा -१६ भलाम, पसमराम, वडा नं ३३ रङ्गेडाँडा र वडा नं १३ घारबेंसीलाई अध्ययन गरेर महानगरमा पेस गरेको बताउनुभयो । प्रस्तावित वडामध्ये उडान प्राविधिकका रुपमा उपयुक्त मानिएकाले भलाम क्षेत्रमा लैजान पहल भएको उहाँको भनाइ छ । विरोध गर्ने स्थानीयवासीलाई बोलाएर तिनको धारणा बुझ्ने योजनाका बारेमा राम्रोसँग बुझाउने कामसमेत भइरहेको जनाइएको छ । महानगरले २०५६ सालमा ल्याण्डफिल बनाउने बेलामा स्थानीयवासीको चर्को विरोध भएको र त्यसलाई चिरेर अघि बढ्न खोज्दा तत्कालीन नगर प्रमुखले दुर्व्यवहारसमेत भोग्नुपरेको उदाहरण दिँदै उहाँले ल्याण्डफिल साइटप्रतिको गलत बुझाइले समस्या हुने गरेको बताउनुभयो । लामाले महानगरको ५२ औं बैठकमा यसबारेमा निर्णय भए पनि जनताका पक्षमा, विकासका पक्षमा काम गर्छु भनेर आएका जनप्रतिनिधिले समेत यस विषयमा हस्ताक्षर गरेर टुङ्गो लगाउने विषयमा पछि हटेका कारण पनि समस्या समाधानमा ढिलाइ भइरहेको बताउनुभयो । विकासमा देखिएका समस्याका विषयमा साझा धारणासहित समाधानमा सरोकार पक्ष सबै लाग्नुपर्ने उहाँको भनाइ छ । लामाले ल्याण्डफिल साइडको समस्या पोखराको मात्र नभएर अन्तरराष्ट्रिय विमानस्थलसँग प्रत्यक्ष जोडिएकाले पनि नेपालकै प्रतिष्ठामा आँच आउन नदिन छिटोभन्दा छिटो टुङ्गो लगाउनुपर्ने बताउनुभयो । पोखरामा अन्तरराष्ट्रिय विमानस्थलका लागि चीनको एक्जिम बैंकको ऋण तथा अनुदान सहयोगमा करिब रु २२ अर्बका लागतमा निर्माण सम्पन्न हुँदै छ । विमानस्थलका लागि पोखरा-१४ छिनेडाँडामा विसं २०३२ मा तीन हजार एक सय रोपनी जग्गा अधिग्रहण गरिएकामा हाल तीन हजार ८९९ सय रोपनी क्षेत्रफलमा विमानस्थल बनेको छ । अन्तरराष्ट्रिय नागरिक उडड्यन सङ्गठनको मापदण्डानुसार फोर डी मोडलमा बनेको छ । विमानस्थलको धावन मार्गको लम्बाइ दुई हजार पाँच सय मिटर तथा आन्तरिक र बाह्य टर्मिनल भवन, एटिसी टावसहित १४ भवन निर्माण गरिएको छ ।

# नेपाल टेलिभिजनको ३७ औँ वार्षिकोत्सव

–जमुनावर्षा शर्मा
काठमाडौं, १७ माघ(रासस)

सरकारी स्वामित्वको नेपाल टेलिभिजनले आफ्नो स्थापनाको ३७ औँ वार्षिकोत्सव मनाएको छ ।

कोभिड-१९ महामारीको सम्भावित जोखिमलाई दृष्टिगत गर्दै टेलिभिजनले सिंहदरबार स्थित स्टुडियोबाटै संक्षिप्त रुपमा वार्षिकोत्सव मनाएको हो । सार्वजनिकरुपमा मनाइँदै आएको वार्षिकोत्सव कार्यक्रम कोभिड महामारीको जोखिमका कारण सरकारले जारी गरेको स्वास्थ्य मापदण्डको पालना गरेर दिवस मनाइएको टेलिभिजनले जनाएको छ ।

कार्यक्रममा राष्ट्रपति, प्रधानमन्त्री, सञ्चार तथा सूचना प्रविधिमन्त्रीको शुभकामना सन्देश पढेर सुनाइएको थियो । पहिलो टेलिभिजन च्यानका रुपमा २०४१ सालदेखि प्रसारण प्रारम्भ गरेको नेपाल टेलिभिजनले अहिले काठमाडौं उपत्यकाभित्र तीनवटा र काठमाडौं उपत्यकाबाहिर दुईवटा च्यानल सञ्चालन गरिरहेको छ ।

# तनहुँका बालबालिकालाई मोडर्ना खोपको दोस्रो मात्रा

पोखरापत्र संवाददाता
तनहुँ, १७ माघ

तनहुँका बालबालिकालाई कोरोनाविरुद्धको मोडर्ना खोपको दोस्रो मात्रा दिइने भएको छ ।

यसअगाडि नै पहिलो मात्रा लगाइसकेका १२ देखि १७ वर्ष उमेर समूहका बालबालिकालाई दोस्रो मात्रा दिन लागिएको हो । जिल्लामा गत पुस ८ देखि १३ गतेसम्म मोडर्ना खोपको पहिलो मात्रा दिइएको थियो ।

व्यास नगरपालिकाले आजदेखि २० गतेसम्म विद्यालयमै खोप अभियान सञ्चालन गर्न लागेको नगरपालिकाका स्वास्थ्य शाखा प्रमुख प्रमोद सोतीले जानकारी दिनुभयो । यसक्रममा हालसम्म एक पटक पनि खोप नलगाएका बालबालिकालाई पनि खोप लगाइने उहाँले बताउनुभयो । १४ वटै वडामा रहेका विद्यालयमा खोप अभियान सञ्चालन गरिनेछ । शुक्लागण्डकी नगरपालिकाले यही माघ १७ र १८ गते स्वास्थ्य संस्थामार्फत बालबालिकालाई खोप दिन लागेको छ । १२ वटै वडामा रहेको विद्यालय, स्वास्थ्यचौकी र आधार भूत स्वास्थ्य केन्द्रमार्फत बालबालिकालाई खोप लगाइने स्वास्थ्य शाखा प्रमुख अजय श्रीवास्तवले जानकारी दिनुभयो । स्वास्थ्य कार्यालयका अनुसार जिल्लाका दशवटै स्थानीय तहका ३२ हजार ४३७ बालबालिकालाई सो खोपको पहिलो मात्रा लगाइएको छ ।

भानुका तीन हजार दुई सय २०, व्यासका नौ हजार पाँच सय दुई, म्याग्देका एक हजार चार सय ७१, शुक्लागण्डकीका पाँच हजार सात सय ८८, भिमादका दुई हजार आठ सय ७९, घिरिङका एक हजार तीन सय १८, ऋषिङका दुई हजार ८७, देवघाटका एक हजार पाँच सय ४४, बन्दीपुरका दुई हजार ५३ र आँबुखैरेनीका दुई हजार पाँच सय ७५ ले पहिलो मात्रा लगाएका छन् ।

# जनशक्तिका अभावले आइसीयु र भेन्टिलेटर थन्किए

–सन्तोष गौतम
म्याग्दी, १७ माघ (रासस)

म्याग्दीका बेनी अस्पतालमा स्थापना भएको भेन्टिलेटरसहितको सघन उपचार कक्ष (आइसीयु) प्रयोगमा आउन सकेको छैन् । करोडौँ खर्चेर जडान गरिएका ती महत्वपूर्ण उपकरण सञ्चालन गर्ने दक्ष जनशक्ति नभएर थन्किएका हुन् ।

गम्भीर प्रकृतिका बिरामीलाई जिल्लामै सर्वसुलभ उपचारको ब्यवस्था मिलाउन गण्डकी प्रदेश सरकारले विसं २०७६ असारमा अस्पतालमा रु एक करोड २५ लाख खर्चेर दुई वटा भेन्टिलेटरसहित पाँच शय्या क्षमताको आइसीयु कक्ष स्थापना गरेको थियो ।

ती उपकरण प्रयोगविहीन हुँदा बिरामीलाई धेरै पैसा खर्चिएर पोखरा, काठमाडौँ पुऱ्याउनुपर्ने र हेलिकप्टर चार्टर गरेर तत्कालै जिल्ला बाहिर जान नसक्ने गरिब विपन्नले ज्यान गुमाउनुपर्ने दुःखद् अवस्था रहेको स्थानीयवासी खम थापाले बताउनुभयो । "तत्कालै आइसीयुमा राख्नुपर्ने बिरामीलाई अस्पताल पुऱ्याउन हेलिकप्टर चार्डर गर्नुपर्ने अवस्था छ", उहाँले भन्नुभयो, "हेलिकप्टर चार्डर गर्न नसक्ने कतिपय बिरामीले एम्बुलेन्स र ट्याक्सीमा पोखरा जाँदाजाँदै बाटोमै ज्यान गुमाउनुपरेको छ ।" दरबन्दी र जनशक्ति नहुँदा उपकरण भए पनि आइसीयु चलाउन नसकेको अस्पताल प्रशासनले जनाएको छ । आइसीयु कक्ष सञ्चालन गर्न कम्तीमा चार जना मेडिकल अधिकृत, दश जना स्टाफ नर्स, दुई जना परामर्शदाता र चार जना सहयोगी पदका जनशक्ति आवश्यक पर्ने अस्पतालका प्रमुख डाक्टर जीतेन्द्र कँडेलले जानकारीदिनुभयो । "५० शय्या क्षमताका अस्पतालमा हाल रहेका सात चिकित्सक र करारकासहित २४ स्टाफ नर्सलाई नियमित सेवा दिन हम्मे परेको छ," उहाँले भन्नुभयो, "आइसीयु चलाउने हो भने मेडिकल, इमर्जेन्सी, ओपिडी कक्ष बन्द गर्नुपर्ने अवस्था छ । आधारभूत सेवालाई प्राथमिकता दिनुपऱ्यो । आइसीयु चलाउने जनशक्तिको दरबन्दीनै छैन । चलाउन नपाएरै उपकरण बिग्रने होकी भन्ने चिन्ता छ ।" गण्डकी प्रदेश सरकार मातहत रहेका ११ वटै जिल्लाका अस्पतालमा भेन्टिलेटरसहितको आइसीयु कक्ष बनाएर डेढ वर्षअघिनै उपकरण जडान भएका थिए । अतिरिक्त जनशक्ति नभएपछि मौजुदा जनशक्तिबाटै बालबालिका उपचार कक्षको आइसीयु कक्षलाई प्रयोगमा ल्याउने तयारी गरिएको अस्पताल व्यवस्थापन समितिका अध्यक्ष बेलबहादुर कटुवालले बताउनुभयो ।

अस्पतालको सबै शय्यामा पलान्टबाट पाइपमार्फत अक्सिजन आपूर्ति गर्ने व्यवस्था मिलाइएको छ । विद्यमान चिकित्सक र स्वास्थ्यकर्मीबाट सेवा दिन सकिने भएकाले बालबालिका उपचार कक्षको आइसीयुलाई प्रयोगमा ल्याउने तयारी गरिएको हो ।

# नगरा नयाँ वर्षमा बजाइने

पोखरापत्र संवाददाता
बागलुङ, १७ माघ

काठेखोला गाउँपालिका-४ तङ्ग्राममा निर्माणाधीन लोकबाजा सङ्ग्रहालयमा रहेको नगरा (दमाहा) सालैपिच्छे नयाँ वर्षका दिन बजाइने भएको छ । २८० किलोको सो नगरलाई वर्षको एकपल्ट वैशाख १ मा बजाइने भएको हो । सङ्ग्रहालय बनाइरहेको गाउँमैत्री अक्षयकोषले त्यसलाई 'देशकै ठूलो' नगरा भनेर दाबी गर्दै आएको छ । अक्षयकोषका अध्यक्ष हेमराज आश्रमका अनुसार शनिबारको आम भेलाले नयाँ वर्षका दिन दिउँसो १२ बजे नगरा बजाउने निर्णय गरेको हो । नगरा बज्नुअघि चैत मसान्तको मध्यरात १२ बजेदेखि १२ घण्टासम्म अखण्ड सङ्कीर्तन गरिने अध्यक्ष आश्रमले बताउनुभयो । "अखण्ड सङ्कीर्तन लगत्तै नयाँ वर्षको सन्देशसहित नगरा बजाउन सुरु हुन्छ", उहाँले भन्नुभयो । नगरा स्थानीय परियार समुदायभित्रैबाट बजाउने गरी थिती बसालिने अक्षय कोषले जनाएको छ । त्यसका लागि दुई जना 'नगर्ची' छनोट हुनेछन् । त्यो परम्परा उनीहरुका सन्ततीमा सर्दै जाने उहाँले बताउनुभयो । नगरा बजाउने 'गज' श्रीखण्डको हुने जनाइएको छ । सो दिन नयाँ वर्षको सुखद् कामनासहित नगरामा दानदक्षिणा अर्पण गर्न सकिने प्रबन्धसमेत मिलाइने भएको छ । सो भेटी रकममध्ये ५० प्रतिशत नगर्चीलाई र ५० प्रतिशत अक्षय कोषमा रहनेछ । अक्षय कोषमार्फत त्यो रकम कल्याणकारी कार्यमा खर्च गरिनेछ । नयाँ वर्षबाहेक अन्य कुनै पनि दिनमा सो नगरा नबज्ने अक्षय कोषले जनाएको छ । नगरा अवलोकन भने अघिपछि पनि गर्न सकिनेछ । अक्षय कोषले गत असारमा सो नगरा निर्माण गरेको थियो । स्थानीय कालिगढले १८ दिन लगाएर नगरा बनाएका थिए । रु पाँच लाखमा बनेको नगरामा २२२ किलो तामा र १५ किलो फलाम प्रयोग भएको छ । सात फिट गोलाइ रहेको नगरलाई मोड्न एक हजार ४०० फिट छालाको तुना लागेको थियो । नगरालाई चाहिने भैँसीको छाला भारतको बिहारबाट ल्याइएको थियो । परम्परागत आरानप्रविधिबाट नगरा बनाइएको हो । नगरा निर्माणमा कालिगढ रवीलाल, जरसिंह विकले तामा र लालबहादुर किसान, जगबहादुर र सरबहादुर विकले छालाको काम गर्नुभएको थियो ।

नगरा बनाउँदा कालिगढ र सहयोगीसमेत गरी ५० जना खटिएका थिए । अध्यक्ष आश्रमले मल्लकालमा बनेको काठमाडौँ, हनुमानढोकामा रहेको नगराको गोलाइ साढे ६ फिट मात्र रहेकाले यहाँ निर्मित नगरा 'देशकै ठूलो' रहेको बताउनुभयो । यहाँको नगराको गोलाइ सात फिट र उचाइ छ फिटभन्दा केही बढी छ ।

कला, सङ्गीत र साहित्यको संरक्षणमा क्रियाशील अक्षयकोषद्वारा निर्माणाधीन सङ्ग्रहालयमा नगराले सांस्कृतिक र पर्यटकीय आकर्षण थपेको छ । यसले नेपाली मौलिक लोकवाद्ययन्त्रप्रति सम्मान र संरक्षणको सन्देश पनि दिएको छ । सङ्ग्रहालय निर्माणका लागि गण्डकी प्रदेश सरकारबाट गत आवमा प्राप्त रु १० लाख बजेटमध्येबाट रु पाँच लाख नगरामा खर्च गरिएको थियो । बाँकी पाँच लाख सङ्ग्रहालय भवन बनाउन खर्च गरिएको अक्षय कोषले जनाएको छ । सङ्ग्रहालयको संरचना निर्माणसँगै लोकबाजा सङ्कलनका लागि चालू आर्थिक वर्षमा पनि प्रदेश सरकारबाट रु ५० लाख बजेट विनियोजन भएको छ । विसं २०६६ मा स्थापित अक्षय कोषले नेपालसहित विश्वभरका लोकबाजाको सङ्ग्रह गर्ने योजना बनाएको छ । हालसम्म नेपाली र पश्चिमेली गरी २५ प्रकारका लोकबाजा सङ्ग्रह गरिसकिएको अक्षय कोषले जनाएको छ । सङ्ग्रहालय भवनको पहिलो तलामा नेपाली, दोस्रोमा विदेशी लोकबाजा र तेस्रोमा नेपालको परम्परागत संस्कृति झल्काउने वेशभूषा र सामग्रीको सङ्ग्रह रहने अध्यक्ष आश्रमले बताउनुभयो ।